सरूमारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

शिक्षा,युवा तथा खेलकुद शाखा

बँड्गाँउ,प्यूठान

५ नं प्रदेश, नेपाल

प.स : ०७७।७८

च.नं:

मितिः-२०७७।०५।३०

सम्पूर्ण विद्यालयहरु

सरमारानी गाउँपालिका,प्यूठान।

विषय: निर्णणय कार्यान्वयन सम्बन्धमा ।

उपर्युक्त विषय सम्बन्धमा ***शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका,२०७७ जारी गरी असोज १ गतेबाट विद्यार्थीको सिकाइ सहजीकरण गर्ने*** अनुरोध गरेकोमा मितिः२०७७/०५/२९ गते सरुमारानी गाउँपालिकाको शिक्षा समितिको बैठक बसी सोही अनुसार छलफल गरी नेपाल सरकारद्वारा जारी स्वास्थ्य मापदण्ड तथा तपसिल अनुसारका निर्णय र मापदण्ड पालना गरी शिक्षण सिकाइ सहजीकरण गर्ने निर्णय गरेकोले सोही अनुसार गर्नहुन निर्देशानुसार अनुरोध छ ।

पुष्पराज शाही

शिक्षा शाखा प्रमुख

website: www.sarumaranimun.gov.np ,email:sarumarani2073@gmail.com

मितिः २०७७।०५।२९ गते सरुमारानी गाउँपालिकाको गाउँ शिक्षा समितिको बैठक बसी नेपाल सरकारद्वारा जारी विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका २०७७ माथि छलपल गरी सो निर्देशिकाको दफा ३३ को उपदफा २ र ३ को आलोकमा सरुमारानी गाउँपालिकाको परिस्थितिलाई ध्यान दिँदै १४ बुँदे मापदण्ड तय गरी लामो समयदेखि बन्द रहेका विद्यालयहरु आगामी असोज १ गतेदेखि र क्वारेन्टाईन सञ्चालन भएका हकमा असोज ११ गते गरी दुई चरणमा सुचारु गर्ने निर्णय गरियो ।विद्यार्थी अभिभावक शिक्षण संस्था तथा सरोकारवालाहरु सबै तहबाट उच्च सतर्कता का साथ सजकता अपनाई विद्यालय सञ्चालन गर्न सहयोग पूर्याउन हुन सरुमारानी गाउँ शिक्षा समिति हार्दिक अपील गर्दछ ।

**मापदण्डहरु**

१. क्वारेन्टाइन सञ्चालन नरहेका विद्यालयहरुले असोज २ गतेभित्र विद्यालय सरसफाई गर्ने तथा वि.व्य.स. शिक्षक अभिभावक संघसँग आवश्क समन्वय गरी विद्यार्थीहरुको शिक्षण सिकाइ सम्बवन्धी कार्ययोजना बनाई शिक्षा शाखामा पेश गर्ने र क्वारेन्टाइन सञ्चालनमा रहेका सत्य मा. वि. ददेरी र सरस्वती मा.वि. चाभाले असोज ८ गते भित्र विद्यालय निर्मलीकरण, सरसफाई गरी कार्ययोजना बनाई पेश गरे पश्चात असोज ११ गते देखि विद्यालय सञ्चालन गर्नुपर्ने।

२. कक्षाकोठामा एउटा बेन्चमा दुईजनामात्र विद्यार्थी राख्नु पर्ने ।

३. विद्यालयहरुले स्वास्थ्य सम्बन्धी मापदण्ड अपनाउदै स्यानिटाइजर वा साबुन पानीको अनिवार्य व्यवस्था गर्ने तथा शौचालय र विद्यालयको वातावरण सरसफाईमा ध्यान दिने र विद्यार्थीहरूले मास्कको अनिवार्य प्रयोग गर्नुपर्ने।

४. विद्यालय सञ्चालन गर्दा आधारभूत तहसम्म सञ्चालन भएका विद्यालयमा कक्षा हप्तामा ३ दिन र माध्यमिक तहसम्म सञ्चालन भएका विद्यालयमा तपसिल बमोजिम हप्तामा २ दिन गर्ने :

**तपसिल :**

| क सं | कक्षा | बार |
|---|---|---|
| १ | बालबिकास १,३,६ र ८ | आइतबार र बुधबार |
| २ | २,४,९ र ११ | सोमबबार र बिहिबार |
| ३ | ५,७,१० र १२ | मंगलबार र शुक्रबाबर |

५. विद्यालयको कुनै कक्षामा न्यूनतम विद्यार्थी भएमा नियमित कक्षा सञ्चालन गर्न बाधा पुगेको मानिने छैन।

६. विद्यालयहरुले प्रत्येक दिन कक्षा शुरु हुनुभन्दा अगाडि COVID-19 तथा अन्य संक्रामक रोगबाट बच्ने सम्बन्धी परामर्श सुझाव सल्लाह दिने ।

७. विद्यार्थीहरूलाई अंकमाल गर्न, हात मिलाउन समूहमा बस्न निषेध गर्ने ।

८. विद्यार्थीहरुले शैक्षिक सामग्री आफ्नोमात्र प्रयोग गर्नुपर्ने, खाजा घरबाटै ल्याउनु पर्ने।

९. विद्यालयहरूमा चमेनागृह सञ्चालन गर्नु परेमा अधिकतम सावधानी अपनाउनु पर्ने ।

१०. सवारी साधन सञ्चालन गर्ने विद्यालयका हकमा साविकको संख्याको आधामात्र विद्यार्थी संख्या राखी सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

११. वडा कार्यालयहरूले क्वारेन्टाइन भएका विद्यालयहरु अन्यत्र व्यवस्थापन गरी विद्यालय सञ्चालन गर्न सहजीकरण गरीदिनु पर्ने छ ।

१२. शुक्रबार सामूहिक रुपमा अतिरिक्त क्रियाकलाप सञ्चाल नगरी पूरा समय शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ ।

१३. विद्यालयले खानेपानी शुद्धताको सम्बन्धमा विशेष ध्यान दिनुपर्ने ।

१४. संस्थागत विद्यालयका हकमा पनि माथि उल्लेखित बुँदाहरु लागुहुने छन् ।